# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, चैत २ गते २०४३ साल (संख्या ४८

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना १

**कोशी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "कोशी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले कोशी अञ्चल अस्पताल सम्झनुपर्छ ।

३. समितिको गठन : (१) कोशी अञ्चल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:-

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति — अध्यक्ष

(ख) सभापति, मोरङ जिल्ला पञ्चायत — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ग) | सभापति, सुनसरी जिल्ला पञ्चायत | – सदस्य |
| (घ) | " धनकुटा " | " |
| (ङ) | प्रमुख जिल्ला अधिकारी, मोरङ जिल्ला | " |
| (च) | श्री ५ को सरकारद्वारा मनोनीत विशेषज्ञ डाक्टरहरूमध्ये बाट बढीमा तीन जना | " |
| (छ) | मेट्रोन, कोशी अञ्चल अस्पताल | " |
| (ज) | प्रधानपञ्च, विराटनगर नगर पञ्चायत | " |
| (झ) | अध्यक्ष, उद्योग वाणिज्य सङ्घ विराटनगर | " |
| (ञ) | " नेपाल रेडक्रस सोसाइटी " | " |
| (ट) | " लायन्स क्लव विराटनगर | " |
| (ठ) | " जेसीज विराटनगर | " |
| (ड) | मेडिकल सुपरिन्टेन्डेन्ट, कोशी अञ्चल अस्पताल | सदस्य-सचिव |

(३) सम्बन्धित मन्त्रालयले अस्पतालको सुसञ्चालन र विकासमा सहायता प्रदान गर्ने स्वदेशी वा विदेशी संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा सल्लाहकारको रूपमा आमन्त्रित गराउन सक्नेछ ।

(४) उप-दफा (२) को खण्ड (क) र (च) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट गर्न वा हेरफेर समेत गर्न सक्नेछ ।

(६) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ :–

(क) अस्पतालको विकास सम्बन्धमा व्यवस्था गर्ने ।

(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।



५२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नो स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्ति गर्ने ।

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

(च) बाल स्वास्थ्य तालिम कार्यक्रम सञ्चालन गर्ने र यो कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल सञ्चालन सम्बन्धित विशेषताहरूमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालिमको निमित्त प्राथमिकता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(ञ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिका एक-तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको बैठक आवश्यकतानुसार बोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।



५२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तिमा वर्षको तीन पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट अस्पतालका कर्मचारीहरूको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।

(ख) श्री ५ को सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।

(ग) अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम ।

(घ) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्था : (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारको प्राविधिक र प्रशासनिक कर्मचारीहरू समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक वा प्रशासनिक कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

(३) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।



५२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरेबापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

(५) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरूवा वा फिर्ता गर्नु परेमा सो गर्नु परेको स्पष्ट कारण खुलाई र विभागीय कारबाही गर्नु परेमा सो कर्मचारी उपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ ।

(६) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीहरूलाई अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाइने बिदा समितिले दिन सक्नेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्ने: समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयमार्फत राख्नु पर्नेछ ।

१२. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालय : समितिको प्रधान कार्यालय कोशी अञ्चल अस्पताल विराटनगरमा रहनेछ ।

## सूचना २

### नारायणी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "नारायणी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।



४२२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले नारायणी अञ्चल अस्पताल र श्री ५ ऐश्वर्य प्रसूति गृह सम्झनुपर्छ ।

३. समितिको गठन : (१) नारायणी अञ्चल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमका समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) श्री हरिप्रसाद गिरी – अध्यक्ष
(ख) सभापति, पर्सा जिल्ला पञ्चायत – सदस्य
(ग) सभापति, बारा जिल्ला पञ्चायत "
(घ) सभापति, रौतहट जिल्ला पञ्चायत "
(ङ) प्रमुख जिल्ला अधिकारी, पर्सा जिल्ला "
(च) प्रमुख, श्री ५ ऐश्वर्य प्रसूति गृह "
(छ) डा. गुरुप्रसाद ढकाल "
(ज) मेट्रोन, नारायणी अञ्चल अस्पताल "
(झ) प्रधानपञ्च, वीरगञ्ज नगर पञ्चायत "
(ञ) प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ "
(ट) अध्यक्ष, नेपाल रेडक्रस वीरगञ्ज "
(ठ) अध्यक्ष, लायन्स क्लब वीरगञ्ज "
(ड) अध्यक्ष, जेसीस वीरगञ्ज "
(ढ) मेडिकल सुपरिन्टेन्डेन्ट, नारायणी अञ्चल अस्पताल– सदस्य-सचिव

(३) सम्बन्धित मन्त्रालयले अस्पतालको सुसंचालन र विकासमा सहायता प्रदान गर्ने स्वदेशी वा विदेशी संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा सल्लाहकारको रूपमा आमन्त्रित गराउन सकिनेछ ।

(४) उप-दफा (२) को खण्ड (क) र (छ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि २ (दुई) वर्षको हुनेछ ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(६) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वाबलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।



५२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ :–

(क) अस्पतालको विकास सम्बन्धमा व्यवस्था गर्ने ।

(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नो स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्ति गर्ने ।

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

(च) बाल स्वास्थ्य तालिम कार्यक्रम सञ्चालन गर्ने र यो कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल सञ्चालन सम्बन्धित विशेषताहरूमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालिमको निमित्त प्राथमिकता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(ञ) अस्पतालका वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिका एक-तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको बैठक आवश्यकतानुसार बोलाउन सक्नेछ ।



४२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तिमा वर्षको तीन पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट अस्पतालका कर्मचारीहरूको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।
(ख) श्री ५ को सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।
(ग) अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम ।
(घ) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।
(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गरिनेछ ।

(३) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षण: (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।



४२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखतमा समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्था : (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारको प्राविधिक र प्रशासनिक कर्मचारीहरू समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाट तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक वा प्रशासनिक कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ।

(३) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।

(४) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

(५) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारबाही गर्नु परेमा सो कर्मचारी उपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ ।

(६) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीहरूलाई अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाइने बिदा समितिले दिन सक्नेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्ने: समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयमार्फत राख्नु पर्नेछ ।



५२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालय : समितिको प्रधान कार्यालय नारायणी अञ्चल अस्पताल, वीरगञ्जमा रहनेछ ।

## सूचना ३

### पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल सम्झनुपर्छ ।

३. समितिको गठन : (१) पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) निर्देशक, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा – अध्यक्ष
(ख) सभापति, कास्की जिल्ला पञ्चायत – सदस्य
(ग) सभापति, तनहुँ जिल्ला पञ्चायत "
(घ) सभापति, स्याङ्जा जिल्ला पञ्चायत "
(ङ) प्रमुख जिल्ला अधिकारी, कास्की जिल्ला "
(च) श्री ५ को सरकारद्वारा मनोनीत विशेषज्ञ डाक्टरहरू मध्येबाट बढीमा दुईजना "
(छ) प्रमुख, क्षेत्रीय प्रयोगशाला, पोखरा "
(ज) प्रधानपञ्च, पोखरा नगर पञ्चायत "
(झ) वरिष्ठ प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल "
(ञ) मेट्रोन, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल "
(ट) मेडिकल सुपरिन्टेन्डेन्ट, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य-सचिव



५२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सम्बन्धित मन्त्रालयले अस्पतालको सुसञ्चालन र विकासमा सहायता प्रदान गर्ने स्वदेशी वा विदेशी संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा सल्लाहकारको रूपमा आमन्त्रित गराउन सक्नेछ ।

(४) उप-दफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(५) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट गर्न वा हेरफेर गर्न सक्नेछ ।

(६) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ :–

(क) अस्पतालको विकास सम्बन्धमा व्यवस्था गर्ने ।

(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नो स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्ति गर्ने ।

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाबाट सहायता प्राप्त गर्ने ।

(च) बाल स्वास्थ्य तालिम कार्यक्रम सञ्चालन गर्ने र यो कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) तथा आन्तरिक (इन पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने र गरीब बिरामीहरूको निमित्त निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।



५२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल सञ्चालनसम्बन्धी विशेषताहरूमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालिमको निमित्त ग्राह्यता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(ञ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिका एक–तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको उपाध्यक्षले समितिको बैठक आवश्यकतानुसार बोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । उपाध्यक्षसमेत अनुपस्थित भएमा सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तिमा वर्षको चार पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. समितिको कोष: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट अस्पतालका कर्मचारीहरूको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।

(ख) श्री ५ को सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।



730

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(घ) अस्पताललले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम।

(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम।

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२) श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम-मा खर्च गर्नु पर्नेछ।

(३) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ।

७. लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्था : (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारका प्राविधिक र प्रशासनिक कर्मचारीहरू समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन्।

(२) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक वा प्रशासनिक कर्मचारी-लाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरूवा गर्नु परेमा समिति-लाई जानकारी दिई गर्नुपर्नेछ।

(३) अस्पतालमा रहेका श्री ५ को सरकारको प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको सरूवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ।

(४) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ।

(५) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरूवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारबाही गर्नु परेमा सो कर्मचारी उपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ।



५३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीहरूलाई अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाइने बिदा समितिले दिन सक्नेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्ने : समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयमार्फत राख्नुपर्नेछ ।

१२. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालय : समितिको प्रधान कार्यालय पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा रहनेछ ।

आज्ञाले,
तेजबहादुर प्रसाई
श्री ५ को सरकारको सचिव

५३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।